# उच्च माध्यमिक शिक्षा परिषद्
# छात्रा छात्रवृत्ति सम्वन्धी

## जरुरी सूचना

यस परिषद्बाट सम्बन्धन प्राप्त सामुदायिक उच्च माध्यमिक विद्यालयहरूमा कक्षा ११ र १२ मा नियमित विद्यार्थीको रूपमा अध्ययन गरिरहेका गरीवीको रेखामुनिरहेका जेहेन्दार, अपाङ्ग, दलित, जनजाती र आर्थिक रुपमा पिछडिएका छात्राहरुका लागि छात्रा छात्रवृत्ति विवरणको कार्यक्रम रहेकोले सोको लागि आ-आफ्नो जिल्ला अन्तरगत सामुदायिक उच्च माध्यमिक विद्यालयमा नियमित अध्ययनरत छात्राहरुबाट छात्रा छात्रवृत्ति आवेदन फारम भराई परिषद्बाट तोकिएको कोटा अनुसार विद्यार्थी छनौट गरी सोको नामावली २०६४ साल कार्तिक मसान्त भित्र परिषद्मा पठाउनु हुन सबै जिल्ला शिक्षा कार्यालयहरुमा कोटा निर्धारण सहितको पत्र पठाई सकिएको छ । यस सम्बन्धमा जुन-जुन जिल्ला शिक्षा कार्यालयहरुबाट २०६४ साल आषाढ मसान्त भित्र परिषद्मा छात्रा छात्रवृत्तिका लागि नामावली सिफारिस गरिएको छ ती जिल्ला शिक्षा कार्यालयहरुले तिनै छात्राहरुलाई नै कक्षा १२ मा छात्रा छात्रवृत्ति प्रदान गर्न हुन र हाल कक्षा ११ मा अध्ययनरत छात्राहरुमध्येबाट मात्र छात्रा छात्रवृत्तिका लागि छनौटगरी पठाउनु हुन तथा २०६४ साल आषाढ मसान्त सम्म पनि छात्रा छात्रवृत्तिको लागि नामावली सिफारिस नपठाएका जिल्ला शिक्षा कार्यालयहरुले कक्षा ११ र १२ का लागि अलग अलग सिफारिस गरी पठाउनु हुन अनुरोध गरिन्छ । सबै सामुदायिक उच्च माध्यमिक विद्यालयहरुले यसै सूचनालाई आधार मानी आ-आफ्नो विद्यालयका छात्राहरुलाई फारम भराई २०६४ साल आश्विन मसान्तभित्र सम्वन्धित जिल्ला शिक्षा कार्यालयमा छात्रा छात्रवृत्ति आवेदन फारम पेश गर्नुहुन जानकारी गराइन्छ ।

छात्रा छात्रवृत्ति आवेदन फारम परिषद्को website http://www.hseb.edu.np बाट डाउनलोड गर्न सकिनेछ । परिषद्को सम्पर्क कार्यालयहरु विराटनगर, हेटौडा, पोखरा, नेपालगञ्ज र धनगढीको साथै सम्बन्धित जिल्ला शिक्षा कार्यालयबाट उपलव्ध हुन सक्ने व्यहोरा समेत अनुरोध छ ।

सम्वन्धन माहाशाखा  
उच्च माध्यमिक शिक्षा परिषद्  
सानोठिमी, भक्तपुर